सायल गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय

डोटी

सुदूरपश्चिम प्रदेश, नेपाल

# एक्साभेटर तथा अन्य मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका (प्रथम संशोधन), २०७९

CamScanner

# एक्साभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका ( पहिलो संशोधन ) ,२०७९

यस सायल गाउँपालिकाको स्वामित्वमा रहेको एक्साभेटर तथा अन्य मेशिनरीन संचालन तथा व्यवस्थापन प्रक्रियालाई नियमित तथा व्यवस्थित गर्न वान्छनीय भएकोले सायल गाउँपालिकाले यो एक्साभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका ( पहिलो संशोधन ), २०७९ जारी गरेको छ ।

१ संक्षिप्त नाम र प्रारम्भ :

१.१ यो निर्देशिकाको नाम एक्साभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका ( पहिलो संशोधन ), २०७९ रहेको छ ।

१.१ यो निर्देशिका गाउँ कार्यपालिकाले स्वीकृत गरेको मिति देखि लागू हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,

क) -निर्देशिका- भन्नाले एक्साभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका( पहिलो संशोधन ), २०७९ सम्झनु पर्छ ।

ख) -गाउँपालिका- भन्नाले सायल गाउँपालिका सम्झनु पर्छ ।

ग) -एस्काभेटर- भन्नाले गाउँपालिकाको स्वामित्वमा रहेको एक्साभेटर सम्झनु पर्दछ ।

घ) -अन्य हेवी मेशीनरी- भन्नाले यस गाउँपालिकाको स्वामित्वमा रहेको ईस्काभेटर, ट्याक्टर, टिप्पर र गाउँपालिकामा रहेका अन्य यान्तिक शक्तिवाट संचालन हुने भाडा प्रयोजनका सवारी साधन सम्झनु पर्छ ।

ङ) -समिति- भन्नाले एक्साभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन समिति सम्झनु पर्छ ।

च) -सचिव- भन्नाले यस गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृत सम्झनु पर्छ ।

छ) -अन्य स्थानीय तह- स्थानीय तह यस जिल्लाको छिमेकी गाउँपालिका वा छिमेकी जिल्लाको गाउँपालिका वा नगरपालिका सम्झनु पर्दछ ।

ज) -उपभोक्ता समिति- भन्नाले जिल्ला गाउँपालिका वा वडा कार्यालयको पदाधिकारी संलग्न भई गठन भएको उपभोक्ता समिति सम्झनु पर्छ ।

झ) -अन्य संस्था- भन्नाले जिल्ला स्थित नेपाल सरकारको कार्यालय, निजी क्षेत्र, नगरपालिका, गैर सरकारी संस्था, शिक्षण संस्था वा यस्तै अन्य संस्था सम्झनु पर्छ ।

ञ) -कार्य दिन- भन्नाले आठ घण्टाको समय सम्झनु पर्छ ।

३. निर्देशिकाको उद्देश्य :

यस निर्देशिकाको उद्देश्यहरु देहाय वमोजिम हुनेछ :

क) ईस्काभेटर, लगायत गाउँपालिकामा रहेको हेवी मेशीनरीहरुको संचालनवाट गाउँपालिकाको विकास निर्माण कार्यमा मद्दत पुर्याउने ।

ख) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनमा पारदर्शिता ल्याउने ।

ग) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको अधिकतम उपयोग गरी त्यसको उत्पादकत्वलाई वृद्धि गर्ने ।

घ) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको मर्मत सम्भारमा मितव्ययिता कायम गर्ने ।

ङ) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनमा आर्थिक रुपले आत्मनिर्भरता कायम गर्ने

४. ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापन सम्बन्धि व्यवस्था :

४.१ यस निर्देशिकाको उद्देश्य प्राप्तिको लागि देहाय वमोजिम एक ईस्काभेटर र अन्य हेवी मेशीनरीहरु संचालन तथा व्यवस्थापन समिति रहनेछ

| | | |
|---|---|---|
| क) | गाउँपालिका अध्यक्ष वा निजले तोकेको सदस्य | संयोजक |
| ख) | गाउँपालिकाको आर्थिक प्रशासन शाखा प्रमुख | सदस्य |
| ग) | प्राविधिक शाखा प्रमुख | सदस्य |
| घ) | गाउँपालिकाको योजना शाखा प्रमुख | सदस्य |

ङ)	प्रमुख प्रशासकिय अधिकृत वा निजले तोकेको कर्मचारी एक	सदस्य सचिव

४.२ समितिको बैठक संयोजकको आदेशानुसार सदस्य सचिवले बोलाउने छ र कुल सदस्य संख्याको पचास प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुगेको मानिनेछ ।

४.३ समितिको बैठकमा संयोजकले आवश्यकता अनुसार अन्य व्यक्ति वा कर्मचारीलाई आमन्त्रित गर्न सक्नेछ ।

५. ईस्काभेटर तथा अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार:

यस निर्देशिकाको अधीनमा रही ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुका संचालन तथा व्यवस्थापन समितिको काम, कर्तव्य तथा अधिकार देहाय बमोजिम हुनेछ :

क) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनको लागि वार्षिक बजेट (आय, व्यय) तर्जुमा गरी स्वीकृतिको लागि गाउँपालिका मार्फत गाउँसभामा सिफारिश साथ पेश गर्ने ।

ख) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनको लागि श्रोत तथा साधनको पहिचान तथा परिचालन गर्ने ।

ग) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको उपयोगको लागि माग भएका निवेदनहरुलाई यस निर्देशिकाका अधीनमा रही स्वीकृत गर्ने ।

घ) प्राथमकिताको आधारमा ईस्काभेटर र अन्य हेवी मेशीनरी सामानहरुको उपयोगको कार्य योजना बनाई स्वीकृत गर्ने ।

ङ) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको आवश्यक उपकरणहरु (पार्टसहरु) मौज्दातमा राख्ने व्यवस्था मिलाउने ।

च) ईस्काभेटर र अन्य हेवी मेशीनरीलाई चालु आवस्थामा राखी राख्न आवश्यकता अनुसार नियमित मर्मत सम्भार तथा जांचको व्यवस्था मिलाउने ।

छ) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापनमा आर्थिक दृष्टिकोणले आत्मनिर्भरता ल्याउने ।

ज) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन वा उपयोग सम्बन्धि कामको अनुगमन तथा सुपरिवेक्षण गर्ने गराउने र दुरुपयोग भएको देखिएमा त्यसलाई रोक्ने व्यवस्था मिलाउने ।

झ) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालनमा संलग्न कर्मचारीको कार्य सन्तोषजनक नदेखिएमा कारवाहीको लागि सिफारिस गर्ने, संचालनको लागि आवश्यक कर्मचारीको व्यवस्थापन गर्ने ।

ञ) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन तथा व्यवस्थापन सम्बन्धि आई पर्ने अन्य नीति तथा कार्यक्रम स्वीकृत गराई कार्यान्वयन गर्ने गराउने ।

ट) यस निर्देशिकामा तोकिएको अन्य काम गर्ने गराउने ।

६. ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन सम्बन्धि नीति तथा प्राथमिकता :

६.१ ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन सम्बन्धि नीति देहाय बमोजिम हुनेछ:

क) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको उपयोग सामान्यतया गाउँपालिका भित्रका सडकहरुको निर्माण, मर्मत तथा सम्भारको लागि गरिनेछ । छिमेकी गाउँपालिका वा नगरपालिकाबाट माग भई आएमा यस गाउँपालिकासंग जोडिने सडकहरुलाई उच्च प्राथमिकता दिई निर्माण तथा मर्मत सम्भारमा उपयोग गरिने छ ।

ख) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको सामान्यतया स्थानीय तह/वडा कार्यालयको सिफारिसमा उपभोक्ता समिति, संस्था वा निकायलाई भाडामा उपलब्ध गराईनेछ ।

ग) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालनमा ईस्काभेटर एवं अन्य हेवी मेशीनरी को सुरक्षा सम्बन्धि कुरालाई ध्यान दिईनेछ ।

घ) ईस्काभेटर र अन्य हेवी मेशीनरीहरु सडक डिभिजन कार्यालयको सिफारिशमा सडक निर्माणका ठेकेदारहरुलाई समेत भाडामा उपलब्ध गराउन सकिनेछ ।

ङ) गाउँपालिका अन्तर्गतका वडाकार्यालय पुग्ने सडक बाहेक अन्य सडकको मर्मत सम्भार र निर्माण लगाएतका कार्यको लागि वडा कार्यालयको सिफारिस बिना ईस्काभेटर प्रयोग गरिने छैन ।

CamScanner

च) गाउँपालिका अन्तर्गत का वडाहरुसंग सिमाना जोडीएका अन्य छिमेकी गाउपालिका वा नगरपालिकालाई भाडामा वडा कार्यालयको समन्वय, रेखदेख समेत हुनेगरी व्यवस्था हुने छ ।

६.२ ईस्काभेटर र अन्य हेवी मेशीनरीहरु संचालन गर्दा देहायको योजनालाई प्राथमिकता दिइनेछ

क) यस गाउँपालिकाको गाउँसभाबाट स्वीकृत भएका योजना ।

ख) नेपाल सरकार, प्रदेश सरकारबाट संचालन भएका र छिमेकी जिल्ला, गाउँपालिका वा नगरपालिकाको संयुक्त हितलाई जोड दिने योजना ।

ग) अन्य संस्थाको श्रोत तथा साधनबाट संचालन गरिने योजना ।

घ) यस गाउँपालिकाको कुनै वडासंग जोडिने छिमेकी गाउँपालिकाको सडक निर्माण र मर्मत (भाडामा प्रयोग दिन) को लागि ।

ङ) खण्ड (क), (ख), (ग, र (घ) अन्तरगत परेका योजनाहरुमध्ये बढी जनसहभागिता जुटाउने योजनालाई क्रमश: अघिल्लो प्राथमिकतामा राखिने छ ।

७. ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको माग तथा संचालन गर्ने कार्यविधि,

७.१ ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको माग गर्ने उपभोक्ता समिति, निकाय वा संस्थाका अध्यक्षले देहायको विवरण संलग्न गरी **अनुसूचि-१** को ढांचामा निवेदन दिनु पर्नेछ :

क) सम्बन्धित उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपि ।

ख) योजना स्वीकृत भएको पत्र तथा स्टीमेट ।

ग) सम्बन्धित स्थानीय निकाय वा सरकारी निकायको सिफारिस ।

घ ) योजना संचालनमा जनसहभागिताको परिमाण र सहभागिताको प्रतिबद्दता भएको निर्णय

७.२ ईस्काभेटर र अन्य हेवी मेशीनरीहरु माग सम्बन्धि निवेदन समितिबाट स्वीकृत भएपछि सो को जानकारी उपभोक्ता समिति वा सम्बन्धित सरकारी निकाय वा संस्थालाई दिईनेछ । यसरी जानकारी प्राप्त गरेपछि उपभोक्ता समिति निकाय वा संस्थाका अध्यक्ष वा अधिकार प्राप्त व्यक्तिले भाडा वापत प्रति कार्य दिनको देहायको दरले हुन आउने एकमुष्ठ रकम यस गाउँपालिकाको ईस्काभेटर र अन्य हेवी मेशीनरीको खातामा तथा कुल भाडा रकमको २० प्रतिशत रकम धरौटी वा बैंक ग्यारेन्टी वापत थप जम्मा गर्नु पर्नेछ ।

| क्र सं | मेशिनीरी | समय | रकम |
|---|---|---|---|
| १ | ईस्काभेटर | प्रति कार्य दिन | २००००। |
| | | थप प्रति घन्टा | ३०००। |
| २ | टिप्पर ट्रक | प्रति कार्य दिन | ४०००। |
| | | थप प्रति घन्टा | १०००। |
| ३ | ट्याक्टर | प्रति कार्य दिन | २०००। |
| | | थप प्रति घन्टा | ५००। |
| ४ | ब्रेकर चलाउँदा बकेट भाडाको | थप भाडा प्रतिघन्टा | १०००। |

स्थानीय तहको सिफरिसमा उपभोक्ता समिति मार्फत संचालन गरिने योजनामा उल्लेखित सवारी साधन भाडामा लिंदा बढीमा ५ प्रतिशत सम्म छुट दिन सकिनेछ ।

नोट : एक्जाभेटर भाडामा लिनु पक्षलाई पालिकाले ईन्धन उपलब्ध गराउनु पर्ने भएमा तत्काल प्रचलित बजार मुल्यलाई २२ ले गुणन गरि एक घन्टामा तिर्नु पर्ने भाडामा थप रकम ऐक्जाभेटर भाडामा लिनु पर्ने पक्षले पालिकालाई बुझाउनु पर्ने छ ।

७.३ ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको खातामा रकम जम्मा गरेपछि उपभोक्ता समितिका अध्यक्ष वा सबन्धित निकाय वा संस्थाका प्रमूखले **अनुसूचि-२** बमोजिम सम्झौता पत्रमा हस्ताक्षर गर्नु पर्नेछ ।

७.४ ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको संचालन अवधिमा लाग्ने डिजल ,ईस्काभेटर एवं अन्य हेवी मेशीनरी योजना स्थलमा ल्याउने लैजाने समेत, सम्बन्धित उपभोक्ता समिति वा संस्थाले उपलब्ध गराउनु पर्नेछ भने मोबिल, ग्रीज आदि खर्च ईस्काभेटर र अन्य हेवी मेशीनरीहरुको कोश बाट गरिने छ ।

CamScanner

७.५ गाउँपालिका कार्यालय वा रहिरहेको स्थानवाट योजना स्थलसम्म ईस्काभेटर र अन्य हेवी मेशीनरीहरु ढुवानी गरी लग्नु परेमा सो वापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले व्यहोर्नु पर्नेछ ।

७.६ उपभोक्ता समिति वा अन्य संस्था वा निकायले ईस्काभेटर र अन्य हेवी मेशीनरीहरु भाडामा लगेको अवस्थामा बन्द, हडताल, बिग्रिएको अवस्था वा काबु बाहिरको परिस्थिती बाहेक सम्बन्धित पक्षको लापरबाहीको कारणले ईस्काभेटर र अन्य हेवी मेशीनरीहरु संचालन हुन नसकी त्यतिकै बसेको दिनमा पनि निर्धारित भाडाको प्रति दिनको १०(दश) प्रतिशतका दरले भाडा लाग्नेछ ।

७.७ ईस्काभेटर तथा अन्य हेवी मेशीनरीहरु संचालन गरे वापत ईस्काभेटर वा अन्य हेवी मेशीनरी अपरेटर तथा हेल्परलाई निम्नानुसार प्रति कार्य दिनको हिसाबले सम्बन्धित निकाय, संस्था वा उपभोक्ता समितिले भत्ता दिनु पर्नेछ ।

| | | | |
|---|---|---|---|
| अपरेटर (ईस्काभेटर) गाउपालिकाको आफ्नै रकममा काम गरेमा | प्रति घन्टा रु.२५०। | हेल्पर | प्रति घन्टा रु.७५। |
| अपरेटर (ईस्काभेटर) गाउपालिका बाहीर | प्रति घन्टा रु.३००। | हेल्पर | प्रति घन्टा रु.१००। |
| अपरेटर (ब्रेकर लगाएमा | प्रति घन्टा थप रु.५०। | | |
| ड्राइभर (ट्रक, टिप्पर) | समितिले तोके बमोजिम | | |
| ड्राइभर (ट्याक्टर) | समितिले तोके बमोजिम | | |

७.८ विशेष परिस्थितिमा पालिका आफैले ईस्काभेटर प्रयोग गर्नु परेमा बुदा नं. ७.७ बमोजिम हुने गरी ईस्काभेटरको ईन्धन खर्च पालिका स्वयमले नै व्यहोर्ने छ ।

८. ईस्काभेटर तथा अन्य हेवी मेशीनरीको लगबुक राख्नुपर्ने :

ईस्काभेटर तथा अन्य हेवी मेशीनरी सञ्चालन गर्दा अनुसूचि-३ को ढांचामा लगबुक राखी ईस्काभेटर तथा अन्य हेवी मेशीनरीको अपरेटरको कर्तव्य हुनेछ । उक्त लगबुगमा सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष, निकाय वा संस्थाका प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ ।

९. म्याद थप गर्न सक्ने :

९.१ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी भाडामा लिएका उपभोक्ता समितिले आफूले मागेको कार्य दिन भन्दा थप कार्य दिनको लागि आवश्यक भएमा सो को कारण तथा औचित्य सहित म्याद सकिनु भन्दा कम्तीमा तीन दिन अगावै म्याद थपको निवेदन दिनुपर्नेछ ।

९.२ म्याद थपको लागि प्राप्त निवेदनमा समितिले छलफल गरी माग उचित तथा आवश्यक देखेमा आवश्यकतानुसार म्याद थप गर्न सक्नेछ ।

१०. ईस्काभेटर एवं अन्य हेवी मेशीनरी मर्मत सम्बन्धि व्यवस्था :

गाउँपालिकाको प्रमुख प्रशासकिय अधिकृतले प्रचलित कानुन बमोजिम मर्मत तथा सम्भार गराउनु पर्नेछ ।

११. समितिको कोष तथा आर्थिक व्यवस्था :

११.१ समितिको कोषमा देहायका रकमहरु रहनेछन :

क) गाउँपालिकाको गाउँसभाबाट ईस्काभेटर एवं अन्य हेवी मेशीनरीहरु संचालनको लागि प्राप्त रकम ।

ख) ईस्काभेटर एवं अन्य हेवी मेशीनरी माग गर्ने उपभोक्ता समिति वा संस्था वा निजी क्षेत्रबाट प्राप्त रकम ।

ग) ईस्काभेटर एवं अन्य हेवी मेशीनरी संचालनको लागि नेपाल सरकार वा अन्य संघ संस्थाबाट प्राप्त रकम ।

घ) ईस्काभेटर एवं अन्य हेवी मेशीनरी वा ईस्काभेटरको पार्टपुर्जा बिक्री तथा लिलामीबाट प्राप्त रकम ।

११.२ समितिको कोषको रकम एउटा छुट्टै खाता खोली प्रमुख प्रशासकिय अधिकृत तथा लेखापालको संयुक्त दस्तखतबाट संचालन गरिनेछ ।

११.३ ईस्काभेटर बाट प्राप्त भएको आम्दानी रकम महिनाको अन्तिम दिन महिना भरी प्राप्त भएको रकम अर्को महिनाको १ गतेभित्र अनिवार्य रुपमा न्यूनतम ५०% रकम समितिको कोषमा र ५०% रकम संचित कोषमा दाखिला गर्नु पर्ने छ।

११.४ समितिको अन्य आर्थिक व्यवस्था प्रचलित कानुन अनुसार हुनेछ।

१२. अन्य संस्थालाई ईस्काभेटर एवं अन्य हेवी मेशीनरी भाडामा दिने सम्बन्धि व्यवस्था:

१२.१ अन्य संस्थाले आफ्नो कामको शिलशिलामा ईस्काभेटर एवं अन्य हेवी मेशीनरी भाडामा लिन चाहेमा अनुसूची-१ बमोजिमको ढांचामा देहायको विवरण संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

क) प्रचलित कानून बमोजिम दर्तावाला संस्था, कम्पनी वा फर्म भए सो को प्रमाण-पत्र।

ख) ईस्काभेटर एवं अन्य हेवी मेशीनरी प्रयोग हुने योजना वा कार्यको स्पष्ट विवरण।

ग) सरकारी योजना भए ठेक्का स्वीकृत भएको पत्र तथा स्टीमेट।

१२.२ ईस्काभेटर एवं अन्य हेवी मेशीनरी माग तथा संचालन सम्बन्धि अन्य कुरा यस निर्देशिकाको प्रकरण ७, ८ र ९ बमोजिम हुनेछ।

१३. ईस्काभेटर एवं अन्य हेवी मेशीनरी संचालनको सुपरीवेक्षण तथा अनुगमन:

१३.१ ईस्काभेटर एवं अन्य हेवी मेशीनरी प्रयोग भईरहेको कार्यको सुपरीवेक्षण तथा अनुगमन समितिका सदस्य-सचिव वा निजले तोकेको व्यक्तिले गर्नेछ।

१३.२ ईस्काभेटर एवं अन्य हेवी मेशीनरी संचालनमा संलग्न कर्मचारीको रेखदेख तथा नियन्त्रण समितिका सदस्य-सचिवले गर्नेछ।

१४. अन्य कार्यमा खर्च गर्न नपाईने:

समितिको कोषको रकम यस निर्देशिका बमोजिम ईस्काभेटर एवं अन्य हेवी मेशीनरीको संचालन, व्यवस्थापन, मर्मत सम्भार र ईस्काभेटर एवं अन्य हेवी मेशीनरी संचालनमा संलग्न अपरेटर तथा हेल्परको तलब भत्तामा मात्र खर्च गर्न पाईनेछ।

१५. सम्पर्क शाखा:

गाउँपालिकाको स्टोर शाखाले ईस्काभेटर एवं अन्य हेवी मेशीनरीको संचालन तथा व्यवस्थापन सम्बन्धमा सम्पर्क शाखाको रुपमा कार्य गर्नेछ।

१६. अधिकार प्रत्यायोजन:

यस निर्देशिका बमोजिम समितिलाई भएको केहि अधिकार समितिले शर्त तोकी वा नतोकी समितिका सदस्य सचिवलाई प्रत्यायोजन गर्न सक्नेछ।

१७. निर्देशिकामा संशोधन:

समितिको सिफारिसमा यस निर्देशिकालाई गाउँपालिकाले संशोधन गर्न सक्नेछ।

१८. बिमा सम्बन्धि व्यवस्था:

गाउँपालिकाको ईस्काभेटर वा हेवी मेशिनीरीहरु, अपरेटर र हेल्पर समेतको को बिमा गर्न सक्नेछ।।

१९. खारेज तथा बचाउ:

१८.१ ईस्काभेटर एवं अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन सम्बन्धि गाउँपालिकाबाट यस अघि भएका निर्णयहरु यो निर्देशिका जारी भएको मिति देखि खारेज हुनेछन्।

१८.२ यो निर्देशिका जारी गर्नु अघी ईस्काभेटर एवं अन्य हेवी मेशीनरी संचालन र व्यवस्थापन सम्बन्धि भए गरेका काम कुराहरु यसै निर्देशिका बमोजिम भए गरेको मानिनेछ।

CamScanner

अनुसूचि-१

(निर्देशिकाको प्रकरण ७.१ संग सम्बन्धित)

## ईस्काभेटर तथा अन्य हेवी मेशीनरी सम्बन्धि निवेदनको ढांचा

श्रीमान अध्यक्ष ज्यू,
ईस्काभेटर तथा अन्य मेशीनीरी संचालन तथा व्यवस्थापन समिति,
सायल गाउँपालिका डोटी ।

विषय: .............................. भाडामा उपलब्ध गराईदिने बारे ।

महोदय,

उपरोक्त विषयमा यो निवेदन गर्दछु कि देहायको योजना/कामको लागि त्यस गाउँपालिकाको ईस्काभेटर/हेवी मेशिनरी .............. कार्य दिनको लागि ईस्काभेटर तथा अन्य मेशीनीरी संचालन तथा व्यवस्थापन निर्देशिका ( पहिलो संशोधन ), २०७९ बमोजिम उपलब्ध गराई सहयोग गरिदिनुहुन अनुरोध छ । साथै समितिबाट ईस्काभेटर/हेवी मेशिनरी उपलब्ध गराउने जानकारी प्राप्त भएपछि निर्देशिकामा गरिएका सम्पूर्ण प्रावधानलाई पूर्णतया पालना गर्ने गराउने छु ।

१. उपभोक्ता समिति/संस्थाको नाम:
२. ईस्काभेटर/हेवी मेशिनरी उपयोग गर्ने योजनाको नाम:
३. योजनाको कुल लागत: रु.
   - ३.१ लागत व्यहोर्ने श्रोत तथा रकम:
     - ३.१.१
     - ३.१.२
   - ३.२ जनसहभागिताको परिमाण:
     - ३.२.१
     - ३.२.२
४. ईस्काभेटर/हेवी मेशिनरी उपयोग गर्ने स्थान:
   - ४.१ गा.पा./न.पा.:
   - ४.२ वडा नं.:
   - ४.३ स्थान:

निवेदक
दस्तखत:
नाम, थर:
पद:
वतन:
मिति:

**संलग्न कागजात:**

क) उपभोक्ता समिति वा संस्थाको निर्णयको प्रतिलिपी ।

ख) योजना स्वीकृत भएको पत्र तथा इस्टीमेट ।

ग) सम्बन्धित स्थानीय निकायको सिफारिस ।

घ) सम्बन्धित निकाय वा संस्थाको सिफारिस ।

अनुसूचि-२
(निर्देशिकाको प्रकरण ७.३ सँग सम्बन्धित)
सायल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय

## ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन सम्झौता पत्रको ढांचा

यस गाउँपालिकाको ईस्काभेटर तथा अन्य हेवी मेशीनरी देहायको आयोजनामा देहायको शर्त तथा बन्देजको अधीनमा रही भाडामा संचालन गर्न गराउन यो सम्झौता गरिएको छ।

१. सम्झौता गर्ने पक्षहरुको विवरण:
 १.१ सायल गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय डोटी
 १.२
 १.३
२. आयोजनाको विवरण:
 २.१ आयोजनाको नाम:
 २.२ आयोजनाको स्थल:
  २.२.१ गा.पा./न.पा.:
  २.२.२ वडा नं:
  २.२.३ स्थान
 २.३ आयोजनाको कूल लागत: रु
  २.३.१ लागत व्यहोर्ने श्रोत तथा रकम:
   २.३.१.१
   २.३.१.२
   २.३.१.३
  २.३.२ जनसहभागिताको परिमाण:
३. ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन समितिबाट स्वीकृत भएको मिति:
४. ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन गर्ने विवरण
 ४.१ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन गर्ने कार्य दिन: ______
 ४.२ ईस्काभेटर अन्य हेवी मेशीनरी संचालन गर्ने कार्य अवधि: मिति २०७__ देखि २०७__ सम्म
 ४.३ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन गर्ने लैजाने दिनसम्म संचालित कार्य घण्टा ______
५. ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन कोषमा प्राप्त रकम: रु. ______ मिति २०७__
६. सम्झौतापत्रका शर्तहरु:
 ६.१ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी माग गर्ने उपभोक्ता समिति संस्थाले यस सम्झौता पत्रमा तोकिएको आयोजनामा मात्र तोकिएको कार्य दिनको लागि ईस्काभेटर तथा अन्य हेवी मेशीनरी उपयोग गर्नु पर्नेछ।
 ६.२ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी माग गर्ने उपभोक्ता समिति संस्थाले ईस्काभेटर तथा अन्य हेवी मेशीनरी प्राप्त गरे पछि व्यवस्थापनमा खटिने कर्मचारीहरु र सवारीको सुरक्षाको व्यवस्था गर्नु पर्नेछ।
 ६.३ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन अवधिमा लाग्ने डिजल, मोबिल, ग्रिस, ईन्धन खर्चको व्यवस्था सम्बन्धित उपभोक्ता समिति वा संस्थाले गर्नुपर्नेछ।
 ६.४ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी रही रहेको स्थानबाट ईस्काभेटर तथा अन्य हेवी मेशीनरी योजना स्थलसम्म ढुवानी गरी लग्नु परेमा सो बापत लाग्ने ढुवानी खर्च सम्बन्धित उपभोक्ता समिति वा संस्थाले आफैले व्यहोर्नु पर्नेछ।
 ६.५ ईस्काभेटर तथा अन्य हेवी मेशीनरीका अपरेटरले संचालन गर्दा भरेको लगबुकमा सम्बन्धित उपभोक्ता समितिका अध्यक्ष वा संस्थाको प्रमुख समेतले प्रमाणित गर्नुपर्नेछ।
 ६.६ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन वा उपयोग सम्बन्धि कार्यको अनुगमन तथा सुपरिवेक्षण समिति वा सदस्य सचिवले गर्न गराउन सक्नेछ।
 ६.७ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालनमा दुरुपयोग भएमा वा कुनै विवाद सिर्जना भई ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन गर्ने सक्ने स्थिति नभएमा वा ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालनमा संलग्न कर्मचारीको सुरक्षा बारे समस्या देखिएमा ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन समिति

CamScanner

वा सदस्य सचिवले तत्काल ईस्काभेटर तथा अन्य हेवी मेशीनरीलाई फिर्ता बोलाउन सक्नेछ । यस्तो अवस्थामा सम्बन्धित उपभोक्ता समिति वा संस्थाले समेत तत्काल ईस्काभेटर तथा अन्य हेवी मेशीनरी फिर्ता गराउनु पर्नेछ ।

६.८ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन सम्बन्धमा उपभोक्ता समति वा संस्था र ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन व्यवस्थापन समिति बीच विवाद उत्पन्न भएमा ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन समितिले गरेको निर्णय नै अन्तिम हुनेछ ।

६.९ ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन भएको २५० देखि ३०० घण्टाको बीचमा सर्भिसिंगको व्यवस्था दक्ष, अनुभवी प्राविधिकबाट स्वयं उपभोक्त/संस्थाले आफ्नै स्रोतबाट गराउनु पर्नेछ । तर हाईड्रोलिक प्रयोग भएको वा ब्रेकर प्रयोग भएको अवस्थामा प्रत्येक १२५ घण्टमा मेशिनको सर्भिसिङ गर्नुपर्नेछ सर्भिसिङ नभएको कारणले मेशिनमा कुनै समस्या आएमा सो को जवाफदेहि सम्बन्धित पक्षनै हुनुपर्नेछ ।

६.१० ईस्काभेटर तथा हेभी मेशिनरीको भाडा प्रति कार्यदिन २००००। बीस हजार मात्र लाग्नेछ । ब्रेकर प्रयोग भएकोमा दश प्रतिशत थप भाडा लाग्नेछ साथै धरौटी बापत बीस प्रतिशत रकम थप राख्नुपर्नेछ । सो बाहेक अन्य करहरु सम्बन्धित व्यक्ति संस्था वा फर्म स्वयंले तिर्नु पर्नेछ ।(प्रति दिन भन्नाले ८ घण्टा लाई बुझाउनेछ) कार्यदिन भन्दा बढी प्रयोग भएमा प्रति घन्टा ३०००।-का दरले थप भाडा तिर्नुपर्नेछ ।

६.११ यान्त्रिक कारण वा भवितव्य परी काबु बाहिरको परिस्थितमा ईस्काभेटर तथा हेभी मेशिनरी नचलेमा अप्रेटर तथा सम्बन्धित उपभोक्ता, संस्था वा फर्मले प्रमाणित गरी तत्कालै कार्यालयमा जानकारी गराई प्रमाणित गरी राख्नुपर्नेछ । सम्बन्धित पक्षको लापरवाहीको कारणले ईस्काभेटर र अन्य हेवी मेशीनरीहरु संचालन हुन नसकी त्यत्तिकै बसेको दिनमा पनि निर्धारित भाडाको प्रति दिनको १० (दश) प्रतिशतका दरले भाडा लाग्नेछ ।

६.१२ अन्य कुराको हकमा ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन निर्देशिका, २०७५ बमोजिम हुनेछ । उपरोक्त बमोजिम गर्न हामी निम्न पक्षहरु मंजुर गर्दछौं ।

**ईस्काभेटर तथा अन्य हेवी मेशीनरी संचालन तथा व्यवस्थापन समितिको तर्फबाट**

नाम:

पद : सदस्य सचिव

सही :

कार्यालयको छाप :

मिति

साक्षी

साक्षी

मेसिन उपकरण भाडामा लिनेको तर्फबाट:

नाम:

दर्जा :

सही :

संस्थाको छाप :

मिति

१.

२.

३.

अनुसूचि २

(निर्देशिकाको प्रकरण ८ संग सम्बन्धित)

मायल गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय,

ईस्काभेटर तथा अन्य हेवी मेशीनरी प्रयोग सम्बन्धी लगबुक

योजनाको नाम

उपभोक्ता समिति वा संस्थाको नाम

योजना स्थल (गा पा /न पा वडा समेत)

सम्झौता मिति

सम्झौता अवधि ............ देखि ............ सम्म जम्मा दिन ............

| क्र.सं. | ---- प्रयोग भएको मिति | समय | | | ईन्धन तथा अन्य लुब्रिकेन्टस खपत विवरण | | | | | सम्झौता अवधिमा ---- प्रयोग हुन नसकेमा | | | | अपरेटरको दस्तखत | अध्यक्ष वा प्रमुखको दस्तखत | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | देखि | सम्म | जम्मा कार्य समय | डिजल | मोबिल | ग्रिज | हि आयल | अन्य | प्रयोग हुन नसक्नुका कारण | समय देखि | समय सम्म | समय जम्मा कार्य समय | | | |
| | | | | | | | | | | | | | | | | |